# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

कमलपोखरी, काठमाडौं

### सिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना

सूचना नं. ७९८/२०८१-८२

(गोरखापत्रमा प्रथम पटक प्रकाशित मितिः २०८१/०९/१७)

१. आ.व. २०८१/०८२ मा यस कार्यालयलाई आवश्यक पर्ने डेस्कटप कम्प्युटर सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकाले तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही इच्छुक फर्म/संस्था/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउपत्र खरिद गरी पेश गर्नु हुन यो सूचना आह्वान गरिएको छ।

**तपसिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | जमानत रकम रु. | दरभाउपत्र दस्तुर | खरिद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति, समय र स्थान |
|---|---|---|---|---|---|---|---|
| १ | ०९/ २०८१/८२ | डेस्कटप कम्प्युटर | ४५,०००।- | १,०००।- | २०८१-१०-०२ कार्यालय समय भित्र | २०८१-१०-०३ दिनको १२.०० बजे भित्र | २०८१-१०-०३ दिनको २.०० बजे लोक सेवा आयोग, कमलपोखरी, काठमाण्डौ। |

२. सिलबन्दी दरभाउपत्र पेश गर्न इच्छुक फर्म/संस्था/कम्पनीले रु.१०००।- (फिर्ता नहुने गरी) राजश्व तिरी यस कार्यालयको जिन्सी शाखाबाट दरभाउपत्र खरिद गरी चालु आर्थिक बर्ष २०८१/८२ का लागि नविकरण भएको फर्म/संस्था/कम्पनीले आफ्नो फर्म दर्ताको प्रमाण पत्र, भ्याट दर्ताको प्रमाणपत्र र आ.व. २०८०/८१ को कर चुक्ताको निस्साको प्रतिलिपीका साथै खरिदसम्बन्धी कार्यमा आफ्नो स्वार्थ नबाझिएको तथा सम्बन्धित पेशा वा व्यवसायमा आफुले कुनै किसिमको सजाय नपाएको भनी लिखित रूपमा गरेको स्वयम् घोषणापत्र संलग्न गरी सिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।

३. सिलबन्दी दरभाउपत्र जमानत रकम कार्यालयको कोड नं. २१-०००-३५०१ र कोष तथा लेखा नियन्त्रक कार्यालय, बबरमहलको नाममा नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको धरौटी खाता नं. १२०-१२००-००१-००२५२४ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला हुने अन्तिम दिनबाट गणना हुने गरी ७५ दिनको मान्य अवधि (Validity Period) रहेको सक्कल बैंक जमानत (बैंक ग्यारेन्टी) संलग्न गरी पेश गर्नुपर्ने छ।

४. दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उल्लेखित कार्यहरु सो को भोलिपल्ट कार्यालय खुलेको दिनमा हुनेछ।

५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। म्याद नाघी वा रीत नपुगी आएको सिलवन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

६. यससम्बन्धी सूचना लोक सेवा आयोगको website: www.psc.gov.np मा हेर्न वा टेलिफोन नं. ०१-४७७१४९२ मा सम्पर्क गर्न सकिनेछ।

७. दरभाउपत्रसम्बन्धी सम्पुर्ण कुराहरु यसमा लेखिए बमोजिम र यसमा उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ।